काठमाडौं
०८०।११।२९

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कार्यपालिका बैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकका निर्णयहरुको छलफल तथा विश्लेषण गरियो ।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा आ.व.०७९।०८० मा स्वीकृत योजना तथा कार्यक्रम सोही आ.व. मा सम्झौता भई सञ्चालन हुन नसकेका योजनाहरु गाउँसभाबाट आ.व.२०८०।०८१ मा सञ्चालन गर्ने भनी निर्णय भएकोमा उपभोक्ता समितिहरु गठन भई सम्झौता भएका योजनाहरुको वैशाख मसान्त सम्ममा कार्य सम्पन्न गरी कार्यालयमा दर्ता भई तोक आदेश लागेका योजनाहरुको स्थलगत अध्ययन/भ्रमण तथा नापी किताब मूल्यांङ्कन, अनुगमन प्रतिवेदनका आधारमा भुक्तान गर्ने।

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्थापना दिवस फाल्गुन २७ को अवसरमा गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई नगद पुरस्कार सहित सम्मान गरी कार्यक्रम मनाउने तथा सम्मानित हुने कर्मचारीहरुको छनौट तपसिलमा उल्लिखित गठित समिति मार्फत् छनौट गरी गा.पा.अध्यक्ष समक्ष सिफारिस गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

तपसिल

श्री मोहनप्रसाद अधिकारी, ७ नं. वडाध्यक्षः- संयोजक,

श्री पदमकुमारी कार्की, गाउँ कार्यपालिका सदस्यः- सदस्य,

श्री हिराकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृतः- सदस्य,

श्री अजित भट्टराई, लेखा अधिकृतः- सदस्य,

श्री गोविन्दप्रसाद फुयल, प्रशासनः- सदस्य सचिव,

निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा आ.व.०८०।०८१ मा "कृषि यान्त्रीकरण" शीर्षकमा विनियोजित बजेट तथा कार्यक्रम सञ्चालन गर्न पालिका स्तरीय तथा वडा स्तरीय सूचना प्रकाशन गरी ५०% साझेदारीमा माग बमोजिम खरिद गरी वितरण गर्ने व्यवस्था गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

राजमती दहनाम
अध्यक्ष

Dmi(CO
०८।११।२१

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा श्री सरस्वती आधारभूत विद्यालय सम्बन्धमा परेको उजुरी उपर आयोगको चलानी नं.ITH-८०८१-२३३२२, मिति २०८०।०७।२१ को प्राप्त पत्रानुसार ६ नं. वडाध्यक्ष श्री खड्गबहादुर बस्नेतको संयोजकत्वमा गठन गरेको समितिले अध्ययन, अनुसन्धान गरी पेश गरेका प्रतिवेदन बमोजिम सुझाव श्री सरस्वती आधारभूत विद्यालय लगायत पालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयलाई सुझाव कार्यान्वयन गर्न निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं.(६)**

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा तपसिलमा उल्लिखित ठेक्का सम्झौता भई कार्यदिश बमोजिम हालसम्म पनि कार्य सम्पन्न नभएका तपसिल बमोजिमका योजनाहरुको सम्बन्धमा पूर्वाधार विकास शाखाको स्थलगत प्रतिवेदन तथा सार्वजनिक खरिद नियमावली, २०६४ को १३ औं संशोधनको दफा १२० "क" बमोजिम म्याद थपको प्रकृया अघि बढाउने, साथै निर्माण कार्य सम्पन्न भएको, साइटमा त्रुटिहरु देखिई कार्य सम्पन्न/भुक्तानी नभएको योजनाहरुको सम्बन्धमा म्याद थप पश्चात सम्झौताहरुको नियम अनुसार ल्याव परीक्षण तथा पूर्वाधार विकास शाखाको राय, कार्य सम्पन्न प्रतिवेदनका आधारमा निर्णय गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

राजमति इङ्नाम
अध्यक्ष

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

2080/11/21

| क.सं. | ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम, ठेगाना | निर्माण कार्यको बिवरण | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | सम्झौता रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|---|
| आ.ब. | २०७८/७९ | | | | | | | |
| १ | KRM/NCB/ 02/078/79 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT SUKRABARE NORTH SECTION AND BIHIBARE HARAKPUR SECTION, KANEPOKHARI RURAL MUNICIPALITY, WARD NO 7,4 | PATHIBHARA CONSTRUCTION AND ENGINEERING, BIRATCHOWK, MORANG | सडक कालोपत्रे, २ सडक खण्डहरु | २०७८।०८।१५ | २०७९।०६।३० | १७,४५३,२९०.०१ | ९,७६१,८००.८३ |
| २ | KRM/NCB/ 07/078/79 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT KALITHAN BAYARBAN AND MANGALBARE KUKUR BHUKKA DEPU ROAD SECTION, KANEPOKHARI RURAL MUNICIPALITY, WARD NO 1,4 | GANU CONSTRUCTION, KANEPOKHARI 4 | सडक कालोपत्रे, २ सडक खण्डहरु | २०७८।०९।२१ | २०८०।०३।२५ | ६,६६१,२१२.४९ | ४,२१६,०३०.२३ |
| ३ | KRM/NCB/ 10/078/79 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT SUKRABARE NORTH CONTINUE SECTION AND BIHIBARE-HARAKPUR CONTINUE SECTION (PHASE 2), KANEPOKHARI RURAL MUNICIPALITY, WARDNO 7,4 | MORANG CONSTRUCTION, GODAWARI, LALITPUR | सडक कालोपत्रे, २ सडक खण्डहरु | २०७८।०८।११ | २०८०।०३।२५ | ६,१७१,८५५.५५ | ३,९०३,८५९.८२ |
| ४ | KRM/NCB/ 11/078/79 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT JAYNEPAL-DALELI ROAD CONTINUE SECTION AND KATUWAL CHOWK-BOHORA TOLE ROAD CONTINUE SECTION (PHASE 2), KANEPOKHARI RURAL MUNICIPALITY, WARDNO 3,5 | MORANG CONSTRUCTION, GODAWARI, LALITPUR | सडक कालोपत्रे, २ सडक खण्डहरु | २०७८।११।०९ | २०८०।०३।२५ | ६,५४९,१३८.८३ | ४,३७०,१६०.६५ |
| आ.ब. | २०७७/७८ | | | | | | | |
| १ | KRM/NCB/ 06/077/78 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT PRANAMI DANDA-PING DANDA, KANEPOKHARI RURAL MUNICIPALITY, WARD NO 4/6 | KAMALA SANTI NIRMAN SEWA, DHARAN, SUNSARI | सडक कालोपत्रे, १ सडक खण्ड | २०७७।११।०२ | २०७८।०८।२० | ४,४९६,३८९.११ | २,८४४,९१७.६९ |
| २ | KRM/NCB/ 10/077/78 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT KUKURBHUKKA-DEPU SECTION, KANEPOKHARI RURAL MUNICIPALITY, WARD NO 1 | MATSHYA POKHARI NIRMAN SEWA, DHARAN, SUNSARI | सडक कालोपत्रे, १ सडक खण्ड | २०७७।१२।०५ | २०७९।०६।३० | ४,९५५,७०२.९१ | ३,०४७,९५५.६७ |
| ३ | KRM/NCB/ 15/077/78 | CONSTRUCTION OF BITUMINOUS ROAD (PREMIX CARPETING) AT SUKRABARE EAST-25 BIGHE SECTION AND CONSTRUCTION OF CULVERTS AT BARGACHHI CULVERT KRM 7. | MORANG CONSTRUCTION, GODAWARI, LALITPUR | सडक कालोपत्रे, १ सडक खण्ड कल्भर्ट | २०७८।०१।१० | २०७९।०३।२५ | ४,८५०,७७२.०८ | २,९१६,४५४.४८ |

राजमती इङ्नाम

Emailed
०८।११।२१

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा आ.व.२०८०।०८१ को स्वीकृत योजना सञ्चालन सम्बन्धमा छलफल गर्दा उपभोक्ता समितिबाट सञ्चालन हुने मर्मत सम्भार तथा सडक स्तरोन्नति गर्ने योजना सञ्चालन गर्न सार्वजनिक सूचना प्रकाशन गरी गिट्टी बालुवाको दररेट माग गरी सार्वजनिक खरिद बमोजिम सबैभन्दा कम मूल्यमा दररेट पेश गर्ने कम्पनी मार्फत् उपभोक्ता समितिलाई गिट्टी बालुवा उपलब्ध गराई योजना सञ्चालन गर्न गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्बन्धमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन, २०७९ बमोजिम मिति २०७९।१२।२६ र २०८०।०२।२३ गते भएको निर्णय अनुसार कोशी प्रदेश, मोरङको रङ्गेली क्लस्टरमा रु.१२,५०,५८,९०४.००।- बराबर रकमको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना गर्न स्थानीय सरकार (रङ्गेली नगरपालिका, सुनवर्षी नगरपालिका, धनपालथान गाउँपालिका र कानेपोखरी गाउँपालिका) र कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय बीच सहलगानी सम्झौता भएको। उक्त सहलगानी सम्झौता बमोजिम मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र निर्माणका लागि मिति २०८०।१०।०३ गते साझेदार स्थानीय तहहरु मध्ये कानेपोखरी गाउँपालिकाले साझेदारीमा व्यहोर्नु पर्ने रंगेली नगरपालिकाको विविध खर्च खाता नं. ०६०१४०११५०२५७०८७ मा भुक्तानी/जम्मा गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.(९)

प्रस्ताव नं.(९) का सम्बन्धमा विविध बुँदामा छलफल भई निर्णय गर्न भनि सर्वसम्मतबाट पारित गरियो।

१. कानेपोखरी -१ बस्ने यज्ञ बहादुर राई अचेत अवस्थामा रहेको र निजलाई उपचारका लागि कानेपोखरी अस्पताल पुर्याई थप उपचार आवश्यक भएकोले रेफर गरि विराटनगर पठाई उपचार भै रहेको निजको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले आषधि उपचार खर्च शीर्षकबाट आर्थिक सहयोग वापत रु.१५,०००।- दिने निर्णय,
२. कानेपोखरी-७ बस्ने चमेली लिम्बुको निवेदन अनुसार निजको पति राजेश वेघाको काठमाण्डौबाट घर फर्कने क्रममा निधन भै राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौमा शव रहेको र घरको अवस्था नाजुक रहेकाले घर सम्म ल्याउन लाग्ने रकम विपद् व्यवस्थापन कोषबाट आर्थिक सहयोग वापत रु.२०,०००।- दिने निर्णय,

राजमती इङ्नाम
अध्यक्ष

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

३. कानेपोखरी-४ बस्ने हर्क बहादुर माझीको निवेदन अनुसार माझी समाज सेवाले विगत देखि नै कोशी पूजा मनाउने गरेको र यस वर्ष पनि मनाउनको लागि कार्यक्रम खर्च शिर्षकबाट आर्थिक सहयोग बापत रु.२०,०००।- दिने,

४. कानेपोखरी-२, निवासी अर्जुन कुमार विष्ट ना.प्र.नं. १८२५२ को घरमा विधुत तार सर्ट भै अचानक आगलागी हुँदा घर र गोठ नै पूर्ण रुपमा जली नष्ट भै रू.३,११,८००।- को क्षती भएकाले राहतका लागि आर्थिक सहयोग बापत रु. १५०,०००।- दिने निर्णय,

५. कानेपोखरी-५ का माझीहरुको महान चाड कोशी पुजा विगत देखि नै गर्दै आएको र यस वर्ष पनि मनाउने भएको हुँदा कार्यक्रम खर्च शीर्षकबाट आर्थिक सहयोग वापत रु.२०,०००।- दिने,

६. कानेपोखरी-७ मा रहेको स्यार्लो तमु प्ये ल्हु संघको गुम्बा रङ्ग रोगन गर्नका लागि अघिल्लो निर्णयको रु ५०,०००।-मा रु ५०,०००।– थप गरी मर्मत सम्भार शिर्षकबाट कूल रु.१,००,०००।– दिने निर्णय ।

७. कानेपोखरी गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजनाहरू

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः२/३७/२०८०/०८१ मा छ्पफल गरि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजना वडा नं.-३ मा सञ्चालन हुने "राते खोलामा बाधँ मर्मत" आयोजनाको विनियोजित बजेट संसोधन गरि सञ्चालन गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

| क्र. स. | आयोजना/कार्यक्रमको नाम | वडा | वडा स्तर/ पालिका स्तर | बजेट को शीर्षक | जम्मा लागत अनुमान रू. | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजित रकम रु. | पालिकाबाट विनियोजित रकम रू. | वडाबाट विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राते खोलामा बाधँ मर्मत | ३ | वडा स्तर र पालिका स्तर | वडा स्तरीय र पालिका स्तरीय | ३३९७६७।०० | ११२६१७।०० | ९८१८०।०० | १०००००।०० | |
| २ | कालिकोशी खानेपानी नाला खन्ने | ५ | वडा स्तर र पालिका स्तर | वडा स्तरीय र पालिका स्तरीय | २३३२१३।०० | २३३२१३।०० | ००।०० | ००।०० | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/४३/२०८०/०८१
## मितिः २०८०।११।२१ गते बसेको बैठक

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कालिकोशी मुहानको १,२ र डाकीनी पैनी झोइने | ५ | वडा स्तर र पालिका स्तर | वडा स्तरीय र पालिका स्तरीय | १९८३८१।०० | १९८३८१।०० | ००।०० | ००।०० | |
| ४ | डुम्रिघाट धिमाल महाराजथान घेराबारा निर्माण | ५ | वडा स्तर र पालिका स्तर | वडा स्तरीय र पालिका स्तरीय | २१७८५७।०० | ४५०२३।०० | १५००००।०० | ००।०० | |
| | | | | | ९८९२१८।०० | ५८९२४।०० | २४८१८०।०० | १०००००।०० | |

८. गाउँपालिकाको मातहतमा रहेको तपसिल वमोजिमको सवारी साधन मर्मत गर्दा लागेको तपसिल वमोजिमको रकम भुक्तान गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | गाडि | सर्भिसिङ सेन्टर | रकम | विजक नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वुलेरो(५५७) | सुगम ट्रेडर्स | ३१,१३९।- | १६६ | |